**Subj. Code 4161**

# NEB-XII
# 2079/2023
# Model Question
## General Law

**विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।** (Candidates are required to give their answers in their own words as far as practicable)

Time: 3 hrs. Full marks: 75

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**(Attempt all the questions)

**समूह'क'(Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Very Short Answer Questions)** ***(11x1=11)***

१. नेपालको संविधानको कुन धारामा गोपनीयताको हकको व्यवस्था गरिएको छ ?
In which Article of the Constitution of Nepal do you find Right to Privacy ?

२. कुन मौलिक हकले नेपालमा व्यापार/व्यवसाय सञ्चालन गर्न निश्चित गर्दछ ?
Which fundamental right ensures the operation of a business in Nepal ?

३. औद्योगिक सम्पत्तिका दुईवटा प्रकारहरू लेख्नुहोस् ।
Write any two types of industrial property.

४. बौद्धिक सम्पत्ति भनेको के हो ?
What is meant by intellectual property ?

५. दाखिल खारेज भनेको हो ?
What is deregistration ?

६. अपराधका तत्वहरू लेख्नुहोस् ।
Write the elements of crime.

७. गम्भीर अपराध र जघन्य अपराधबीच कुनै एउटा फरक छुट्याउनु होस् ।
Differentiate between serious and heinous crime. Give any one difference.

८. जाहेरी दरखास्त भनेको के हो ?
What is First Information Report ?

९. अर्धन्यायिक निकायबारे उल्लेख गर्नुहोस् ।
Mention quasi-judicial bodies.

१०. नेपालका तीन तहका अदालत के-के हुन ? लेख्नुहोस् ।
Mention the three tiers of court under the judiciary of Nepal.

११. नेपालको कुन अदालतलाई अभिलेख अदालत भनिन्छ ?
Which court of Nepal is called the court of record ?

**समूह'ख'(Group 'B')**

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Short answer questions)** ***(8x5=40)***

१२. खाद्य सम्प्रभुता भनेको के हो ? छोटकरीमा वर्णन गर्नुहोस् ।
What is food sovereignty ? Explain in brief.

१३. अपराध पीडितका अधिकारका बारेमा छोटकारीमा वर्णन गर्नुहोस् ।
Explain briefly about the crime victim.

१४. नेपालमा प्रतिलिपी अधिकार कसरी संरक्षण गर्न सकिन्छ ?
How do we protect copy-rights in Nepal ?

१५. विद्युतीय सम्पत्तिको महत्व र आवश्यकताबारे उल्लेख गर्नुहोस् ।
Write the necessities and importance of cyber property.

१६. दर्ता गराउनु पर्ने मुख्य लिखतहरू के-के हुन् ? लेख्नुहोस् ।
What are the major deeds to be registered ?

अथवा (OR)

लेनदेन व्यवहार भनेको के हो ? लेनदेन सम्बन्धी चार वटा कानुनी प्रावधानहरू उल्लेख गर्नुहोस् ।
What is transaction¿ Point out the four legal provisions of transaction.

१७. नेपालमा संगठित अपराध नियन्त्रणका उपायहरू के-के हुन? छोटकरीमा लेख्नुहोस् ।
What are the ways of controlling organized crimes in Nepal ?

१८. उचित कानुनी प्रकृया भनेको के हो ? वर्णन गर्नुहोस् ।
What is due process of law ? Explain.

१९. सर्वोच्च अदालतका असाधारण अधिकार क्षेत्र के-के हुन ?
What are the extra-ordinary jurisdictions of the Supreme Court ?

अथवा (OR)

नेपालमा अर्ध न्यायिक निकायका कार्यहरू लेख्नुहोस् ।
Write the functions of quasi-judicial bodies in Nepal.

**समूह’ग’ (Group C)**

( **विस्तृत उत्तरात्मक प्रश्नहरू/Long answer questions**.) ***(3x8=24)***

२०. नेपालमा सामाजिक सुरक्षासम्बन्धी अधिकारको कार्यान्वयन कसरी हुन्छ ? उदाहरण सहित बर्णन गर्नुहोस् ।
How is the right to social security enforced in Nepal to ensure social justice ? Describe with suitable examples.

अथवा (OR)

तपाईंको जीवनमा मौलिक हकको प्रयोग कसरी गर्नुभएको छ ?उल्लेख गर्नुहोस् ।
How do you apply fundamental rights in your life ? Illustrate.

२१. सार्वजनिक सम्पत्ति र सरकारी सम्पत्तिबीचको तुलना गरी भिन्नता छुट्याउनुहोस् ।
Compare and contrast between government property and public property.

२२. फिरादपत्र भनेको के हो ? फिरादपत्र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् ।
What is complaint ? Explain the points to be considered to prepare a complaint.